# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८५ | काठमाडौं | शुक्रबार, ०१ फागुन २०८२ | Prabhab National Daily | Friday, 13 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।**

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स ( एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच ) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं ।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


बंगलादेशमा आम निर्वाचन

## बिएनपी बहुमत नजिक

- ३५० सदस्यीय संसदमा बिहीबार भएको मतदानबाट ३४९ सांसद् चुनिँदै छन् । ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनुपर्नेमा एक क्षेत्रमा उम्मेदवारको निधन भएपछि मतदान स्थगित गरिएको छ । ५० सिट महिलाका लागि आरक्षित छन् ।
- बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दाबेदारका रूपमा देखिएका छन् ।
- पूर्वप्रधानमन्त्री शेख हसिनाले भने यो निर्वाचनलाई 'अवैधानिक' दाबी गर्दै रद्द गर्न माग गरेकी छिन् ।


तस्बिर: एपी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सन् २०२४ को जेन-जी विद्रोहले शेख हसिनाको सरकार ढलेपछि बंगलादेशले पहिलो पटक संसदीय निर्वाचन भएको छ । वर्षौंको राजनीतिक अस्थिर तापछि भएको यो निर्वाचनमा छिटफुटबाहेक देशभर शान्तिपूर्वक मतदान भएको बंगलादेशी सञ्चार माध्यमहरूले जनाएका छन् ।

बिहीबार भएको मतदानबाट ३४९ सांसद् चुनिँदै छन् । ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुने छन् भने ५० सिट महिलाका लागि आरक्षित छन् । एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको त्यहाँको निर्वाचन आयोगले जनाएको छ । मतदानको नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उनको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलोपटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य थिए । हसिना हाल भारतमा निर्वासनमा बस्दै आएकी छन् ।

हसिनाले भने यो निर्वाचनलाई 'अवैधानिक' दाबी गर्दै रद्द गर्न माग गरेकी छिन् । मतदानलगत्तै एक वक्तव्य जारी गर्दै हसिनाले मतदाताविनै गरिएको चुनाव असंवैधानिक भएको बताएकी हुन् । हसिनाले बिहीबार मतदान केन्द्रहरूमा निकै कममात्रमा मतदाता उपस्थिति भएको र यो युनुस नेतृत्वको सरकारले देखावटी चुनावमात्र गरेको आरोप लगाएकी छन् ।

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दाबेदारका रूपमा देखिएका छन् । उनी पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुन् र १७ वर्ष लण्डनमा स्वनिर्वासनपछि गत डिसेम्बरमा स्वदेश फर्किएका थिए । उनले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र संघर्षरत अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाएका छन् ।

बिएनपीले यो निर्वाचनमा आफ्नो पार्टीको जित अपरिहार्य भएको दाबी गरेको छ । मतगणनाको शुरुवाती चरणमा अधिकांश स्थानमा बिएनपीले अग्रता लिइरहेको बताइएको छ । यो समाचार तयार पार्दासम्म बिएनपीले २९९ सिटमध्ये १२० सिटमा जित हासिल गरिसकेको छ । बहुमतका लागि १५० सिटमा जित आवश्यक रहेको बताइएको छ । जमात ए इस्लामी नेतृत्वको ११ पार्टीका गठबन्धनले ३८ सिटमा जित निकालेको छ ।

रहमानलाई चुनौती दिने शक्तिका रूपमा जमात-ए-इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ । हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ । यसले विशेषगरी महिला र धार्मिक अल्पसंख्यक समुदायमा प्रभाव बढाएको हो । बंगलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन् । जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताएका छन् ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान भएको जनाएको छ । करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली संघ (इयू) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन् ।

क्रमशः पृष्ठ २ मा

## बालेनको शासकीय क्षमतामाथि उठ्यो प्रश्न



आउने आर्थिक वर्षको बजेटमा वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा लिइने आधारमध्ये एक आधारका रूपमा वित्त आयोगको प्रतिवेदनमा उल्लिखित कार्यसम्पादन मूल्याङ्नको नतिजा प्रयोग हुन्छ । धेरै अंक ल्याउन सरकारले बढी अनुदान पाउने गरेको छ, कम ल्याउनेले कम अनुदान पाउँछ ।

**■ विपिनराज निरौला**
सदस्य, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग



| महानगरहरूको नतिजा | |
|---|---|
| विराटनगर - | ७८.११ |
| ललितपुर - | ७६.३३ |
| भरतपुर - | ६८.०४ |
| पोखरा - | ५८.७६ |
| वीरगञ्ज - | ५४ |
| काठमाडौं - | ४४.९७ |

| उपमहानगरको नतिजा | |
|---|---|
| बुटवल - | ६४.४४ |
| तुल्सीपुर - | ६१.५३ |
| घोराही - | ६१.०८ |
| धनगढी - | ५६.६० |
| नेपालगञ्ज - | ५६.४५ |
| हेटौंडा - | ५४.१३ |
| जनकपुर - | ५१.५८ |
| धरान - | ४९.७६ |
| कलैया - | ४९.५७ |
| जीतपुर सिमरा - | ४८.३९ |
| इटहरी - | ३८.९६ |

■ **जेबी योञ्जन**

**काठमाडौं–** भावी प्रधानमन्त्रीको दाबेदार प्रस्तुत गर्दै प्रतिनिधिसभा निर्वाचनका लागि झापा-५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उम्मेदवार बनेका बालेन्द्र शाह बालेनले हालै प्रमुखबाट राजीनामा दिएको काठमाडौं महानगर कार्यसम्पादन मूल्याङ्कनमा सर्वाधिक कमजोर भएको पाइएको छ । देशभरका छ महानगरपालिकामध्ये सर्वाधिक कमजोर महानगरपालिका काठमाडौं हुनुले बालेनको शासकीय क्षमतामाथि प्रश्न उठेको छ ।

राजनीतिक रूपमा उच्च महत्वकांक्षा व्यक्त गर्दै उनी यतिबेला नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । महानगरजस्तो ठूलो र स्रोतसाधन सम्पन्न स्थानीय सरकारको कार्यसम्पादनमै प्रश्न उठेपछि संघीय शासन सञ्चालन गर्न सक्ने उनको क्षमताबारे पनि शंका गर्न थालेका छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न १७ सूचक आधार मानेर गरेको मूल्यांकनका आधारमा काठमाडौं महानगरपालिकाले ४४ दशमलव ९७ अंकमात्र प्राप्त गर्न सकेको छ । जुन देशभरका ६ महानगरपालिकाको तुलनामा सबैभन्दा कमजोर हो ।

आयोगका सदस्य विपिनराज निरौलाले कमजोर काठमाडौंले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा वित्तीय समानीकरण अनुदान कम पाउने छ । 'आउने आर्थिक वर्षको बजेटमा वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा लिइने आधारमध्ये एक आधारका रूपमा वित्त आयोगको प्रतिवेदनमा उल्लिखित कार्यसम्पादन मूल्याङ्नको नतिजा प्रयोग हुन्छ,' निरौलाले प्रभावसँग भने, 'धेरै अंक ल्याउन सरकारले बढी अनुदान पाउने गरेको छ, कम ल्याउनेले कम अनुदान पाउँछ ।'

सबैभन्दा अब्बल भने यस वर्ष मोरङको विराटनगर महानगरपालिका देखिएको छ । विराटनगरले ७८ दशमलव ११ अंक पाएर पहिलो स्थानमा छ । दोस्रो स्थानमा ललितपुर महानगरपालिका छ । यो महानगरपालिकाले ७६ दशमलव ३३ प्रतिशत अंक पाएको छ । तेस्रो स्थानमा चितवनको भरतपुर महानगरपालिका छ । भरतपुरले ६८ दशमलव ०४ अंक पाएको छ । यही नगरपालिकाका पूर्वप्रमुख रेणु दाहाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार छन् । उनी उम्मेदवार भएको चितवन-३ बाट हो ।

चौथो स्थानमा रहेको पोखराले ५८ दशमलव ०४ अंक पाएको छ । पाँचौं स्थानमा रहेको वीरगञ्ज महानगरले ५४ अंक पाएको छ । काठमाडौं छैटौं अर्थात् अन्तिम स्थानमा छ । आयोगले १७ सूचकको आधारमा मूल्याङ्कन गर्ने गरेको छ । १० असारभित्र बजेट सार्वजनिक गरे/नगरेको, असार मसान्तभित्र बजेट पास गरे/नगरेको, आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक प्रदेश सञ्चित कोषमा दाखिला गरे/नगरेको समेत मूल्यांकनको सूचक मानिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीका कारण अभिभावकविनै हुर्किंदै बालबालिका

- दुवै अभिभावक वैदेशिक रोजगारीमा हुने बालबालिकाको संख्या २.३ प्रतिशत
- सबैभन्दा बढी सुदूरपश्चिमका ६.९ प्रतिशत बालबालिका दुवै अभिभावकविना हुर्किरहेको तथ्यांक
- २९ प्रतिशत बालबालिकाका बुबा वैदेशिक रोजगारीमा
- रोजगारीको सिलसिलामा अभिभावक विदेसिँदा ३३.२ प्रतिशत बालबालिका कम्तीमा एक जना अभिभावकविनै हुर्किरहेको तथ्यांक



एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारीका कारण बालबालिकाहरू अभिभावकको अनुपस्थितिमै हुर्किने गरेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको 'नेपाल बहुसूचक क्लस्टर सर्भे २०२४-२५'ले यस्तो संख्या बढ्दै गएको देखाएको छ ।

सो अध्ययनले दुवै अभिभावक वैदेशिक रोजगारीमा जाने क्रम बढ्दा बालबालिकाहरू अभिभावकको हेरचाहविना हुर्किरहेका उल्लेख गरेको छ । उक्त सर्वेक्षण १८ वर्ष मुनिका १५ हजार ९४६ जना बालबालिकामा गरिएको थियो । जसमध्ये दुवै अभिभावक वैदेशिक रोजगारीमा हुने बालबालिकाको संख्या २.३ प्रतिशत रहेको पाइएको छ ।

सबैभन्दा बढी सुदूरपश्चिमका ६.९ प्रतिशत बालबालिका दुवै अभिभावकविना हुर्किरहेको देखिएको छ । कर्णालीमा यस्तो संख्या चार प्रतिशत रहेको छ । मधेस प्रदेशमा भने यस्तो संख्या ०.३ प्रतिशत र बागमतीमा १.३ प्रतिशतमात्र पाइएको छ । दुवै अभिभावक रोजगारीमा हुने बालबालिकाको संख्या कोशी, मधेस र गण्डकी प्रदेशका सहरी क्षेत्रमा बढी हुँदा बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण भेगमा बढी पाइएको छ ।

२९ प्रतिशत बालबालिकाका बुबा वैदेशिक रोजगारीमा गएको पाइएको छ । रोजगारीमा जाने पुरुषको संख्या बढी हुँदा बुबाविनै हुर्किरहेका बालबालिका बढिरहेका छन् । यसमा सबैभन्दा बढी गण्डकी प्रदेशबाट ३६.६ प्रतिशत र मधेसबाट ३५.८ प्रतिशत रहेका छन् । सबैभन्दा कम बागमती प्रदेशबाट १५.६ र कोशीबाट २३.३ प्रतिशत छन् । त्यस्तै, कर्णालीबाट २५.४, सुदूरपश्चिमबाट ३२.३ र लुम्बिनीबाट ३४.७ प्रतिशत रोजगारीका लागि अन्य मुलुकमा रहेका छन् ।

त्यस्तै, १.८ प्रतिशत बालबालिकाका आमा वैदेशिक रोजगारीमा रहेको पाइएको छ । यस्तो संख्या सबैभन्दा बढी बागमती प्रदेशमा चार प्रतिशत र कोशी प्रदेशमा ३.३ प्रतिशत छ । सबैभन्दा कम मधेस प्रदेशमा ०.३ प्रतिशत तथा कर्णाली र सुदूरपश्चिम प्रदेशमा ०.९ प्रतिशत रहेको छ । लुम्बिनी १.२ र गण्डकीमा २.१ प्रतिशत बालबालिकाका आमा वैदेशिक रोजगारीमा रहेको पाइएको छ ।

हाल वैदेशिक रोजगारीमा ४० लाखभन्दा बढी नेपाली रहेको बताइन्छ । मुलुकमा भएका रोजगारीले गुजारा चलाउन नसकेको भन्दै वैदेशिक रोजगारीतर्फ आकर्षण बढ्दो छ । गत आर्थिक वर्ष २०८१/८२ मा आठ लाख ४९ हजार २६६ जनाले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर विदेसिएका थिए । जसमा सात लाख ४४ हजारभन्दा बढी पुरुष र ९४ हजारभन्दा बढी महिला छन् ।

क्रमशः पृष्ठ २ मा

## जोसँग उम्मेदवारले आर्थिक सहायता लिन पाउँदैनन्...

पहिलो- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था ।
दोस्रो- सर्वसाधारणको सेयर रहेको पब्लिक लिमिटेड कम्पनी ।
तेस्रो- कुनै सरकारी वा सामुदायिक विश्वविद्यालय, क्याम्पस, विद्यालय वा प्राज्ञिक वा शैक्षिक संस्था
चौथो- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै पनि निकाय वा कार्यालय
पाँचौं- राष्ट्रिय तथा अन्तर गैरसरकारी संस्था
छैटौं- नाम नखुलेको व्यक्ति वा संस्था
सातौं- विदेशी सरकार, संस्था वा व्यक्ति



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले निर्वाचन खर्चका लागि क्युआर कोड सार्वजनिक गरेर आर्थिक सहायता संकलन थालेका छन् । आफ्नो तस्बिर, निर्वाचन लडेको क्षेत्र, उम्मेदवार बनेको दलसँगै चुनाव चिह्न उल्लेखित पोस्टरमा क्युआर कोडसमेत संलग्न गरी लेखेका छन्, 'आर्थिक सहायताका लागि स्क्यान गर्नुहोस् ।'

उनले काठमाडौंको एउटा घरको भाडाले निजी खर्च थेगेको र राजनीति शुभेच्छुकहरूले दिने सानोतिनो सहयोगले धानेको स्पष्ट पारेका छन् । यतिबेला भने चुनावी खर्च अभाव भएको भन्दै उनले सहयोगको याचना गरेका हुन् ।

'अहिले मलाई चुनावी खर्च चलाउन आर्थिक रूपमा गाह्रो पर्दै गएको छ । निर्वाचन आयोगको निर्देशनअनुसार छुट्टै खाता खोलेको छु,' उनले बुधबार लेखे ।

मिश्रले जस्तै निर्वाचन खर्चका लागि भन्दै क्युआर कोड सार्वजनिक गरेर आर्थिक सहायता संकलन गर्नेमा मोरङ-३ का रास्वपा उम्मेदवार गणेश कार्की पनि छन् । उनले पनि केही दिनदेखि नै आर्थिक सहायता संकलन गरिरहेका छन् । शुभेच्छुक र पार्टीका कार्यकर्ताहरूले उनीहरूलाई आर्थिक सहायता गरिरहेका छन् ।

तर, कतिपयले भने मत र पैसा दुवै दिन नसकिने भन्दै आलोचना गरिरहेका छन् । यस्तोमा निर्वाचन आयोगले को-को बाट त्यसरी आर्थिक सहायता लिन पाउँदैन ? बिहीबार एउटा सूचना जारी गरेको छ । सूचनाअनुसार सात प्रकारका संस्था र व्यक्तिसँग राजनीतिक दल वा उम्मेदवारले चन्दा लिन पाउँदैनन् । आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ को बुँदा नम्बर १६ मा निर्वाचन खर्च सम्बन्धी आचरणको विषय उल्लेख छ,

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## बालेनको शासकीय...

यसबाहेक आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण सहित विवरण अर्थ मन्त्रालयमा बुझाए/नबुझाएको, बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोलाई समेत मूल्याङ्कनको सूचक मानिएको छ।

राजस्व परिचालन, बजेट खर्च अवस्था, बेरुजु, सूत्र सफ्टवेयर प्रयोग, विद्यार्थी भर्ना दर, कक्षा ९ मा विद्यार्थी टिकाउ दर, गर्भ जाँच गर्ने महिला अनुपात, एसईई परीक्षा नतिजा, खोप लगाएका बालबालिकाको अनुपातसमेत मूल्याङ्कन सूचकहरू हुन्।

### उपमहानगरमा बुटवल पहिलो

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदनअनुसार उपमहानगरपालिकामध्ये बटुवल पहिलो भएको छ। उसले ६४ दशमलव ४४ अंक प्राप्त गरेको छ। सबैभन्दा कमजोर इटहरी उपनगरपालिका छ। इटहरीले ३८ दशमलव ९६ अंकमात्र पाएको हो। दाङका दुई उपमहानगरमध्ये तुल्सीपुरले ६१ दशमलव ५३ र घोराहीले ६१ दशमलव ०८ अंक पाएको प्रतिवेदनमा उल्लेख छ। धरान उपमहानगरले ४९ दशमलव ७६ अंक पाएको देखिन्छ।

### गाउँपालिकामा पाणिनी पहिलो

देशको ७ सय ५३ स्थानीय सरकारमध्ये कार्यसम्पादन मूल्यांकनमा अर्घाखाँचीको पाणिनि गाउँपालिका देशभरिकै सबैभन्दा अब्बल भएको छ।

पाणिनि गाउँपालिकाले कुल ८३.८४ अंक प्राप्त गरी पहिलो स्थानमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बिहीबार सार्वजनिक गरेको नतिजामा उल्लेख छ। ८० अंक कटाउने देशभरि चार स्थानीय तह छन्, जसमा अर्घाखाँचीको एक, गुल्मीका २ र रुकुम पश्चिमको एक नगरपालिका छ। रुकुम (पश्चिम)को चौरजहारी नगरपालिकाले ८२.१५ अंक ल्याएर दोस्रो स्थानमा छ। गुल्मीको मालिका गाउँपालिकाले ८१.९८ प्रतिशत र धुर्कोट गाउँपालिकाले ८०.५२ प्रतिशत अंक ल्याएर उत्कृष्ट गाउँपालिकाको सूचीमा अगाडि छन्।

कार्यसम्पादन मूल्यांकनमा मधेस प्रदेशका अधिकांश स्थानीय तहको अंक कमजोर आएको छ। धनुषाको धनौजी गाउँपालिको ३१.८१ अंक पाएको छ। महोत्तरीको सोनमा गाउँपालिकाले ३५ अंक पाएको छ। सर्लाहीको चन्द्रनगर गाउँपालिकाले ३५.१६ अंक पाएको हो।

रौतहट फतुवा विजयपुर नगरपालिकाले ३५.४१ अंक, सोही जिल्लाको वृन्दावन नगरपालिकाले ३१.६९ अंक र देवाही गोनाही नगरपालिकाले ३०.९१ अंक पाएको छ। पर्साको धोबिनी गाउँपालिकाले ३२.८८ अंक पाएको आयोगको प्रतिवेदनमा उल्लेख छ।

### सबै प्रदेश कमजोर तर पहिलो सुदूरपश्चिम

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन सूचक मूल्यांकनमा देशभरका सबै प्रदेश कमजोर देखिएका छन्। कुनै प्रदेशले ५० प्रतिशत अंक कटाउन सकेनन्। तर, आयोगको नतिजा अनुसार पहिलो सुदूरपश्चिम प्रदेश भएको छ। ४५.७० अंक यो प्रदेशले पाएको आयोगले जनाएको छ। दोस्रो स्थानमा कोशी छ। यो प्रदेशले ४४.२९ अंक पाएको छ।

तेस्रो स्थानमा रहेको बागमतीले ४२.४६ अंक पाएको छ। चौथो स्थानमा रहेको गण्डकीले ३७.९१ अंक पाएको छ। सबैभन्दा कमजोर मधेस प्रदेश छ। यसले २७.२८ अंक पाएको छ। ११ सूचकका आधारमा प्रदेशको कार्यसम्पादन मूल्याङ्कन आयोगले गर्ने गरेको छ। यसको पहिलो सूचकमा आर्थिक वर्ष २०८०/८१ को कुल लेखा परीक्षणबाट देखिएको बेरुजु अवस्था लिइएको छ।

दोस्रो सूचक प्रदेशले स्थानीय तहलाई कानुनअनुसार सःसर्त अनुदान दिए/नदिएको आधार मानिएको छ। तेस्रो सूचक २०८१/८२ मा सवारी साधन करबापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेशले मासिक स्थानीय सञ्चित कोषमा दिए/नदिएकोलाई मानिएको छ। चौथो सूचकमा सोही आर्थिक वर्षमा विनियोजन गरिएको बजेट खर्चको अवस्था लिइएको छ। पाँचौंमा सोही आर्थिक वर्षमा राजस्व परिचालन अवस्था लिइएको छ।

यसबाहेक स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान विवरण चैतसम्म दिए/नदिएको, आगामी आवको आयव्ययको प्रक्षेपित विवरण पुस मसान्तसम्म अर्थ मन्त्रालयमा दिए/नदिएको, गत आर्थिक वर्षको बजेटको वार्षिक समीक्षा गरे/नगरेको, स्थानीय तहमा वायुको गुणस्तर, वन क्षेत्रले ढाकेको क्षेत्रफल वृद्धि प्रतिशत र अनलाइन पोर्टलमा सूचक समयमै राखे/नराखेको विषयलाई समेत मूल्यांकनको सूचक मान्ने गरिन्छ।

आयोगका अनुसार स्थानीय तह र प्रदेशहरूले आयोगबाट प्राप्त अंकमा चित्त नबुझे आयोगमा आधार र प्रमाणसहित पुनरावलोकनका लागि निवेदन दिन सकिन्छ। यस्तो मूल्यांकन आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइने आधारमध्ये एक आधारका रूपमा प्रयोग हुन्छ। धेरै अंक ल्याउन सरकारले बढी अनुदान पाउने गरेको छ।

■■■

## बंगलादेशमा...

निर्वाचनको दौरानमा केही स्थानमा झडपसमेत भएको थियो। गोपालगन्ज नामक क्षेत्रमा बम विस्फोट भएको र ३ जना घाइते भएको बंगलादेशका सञ्चारमाध्यमहरूले जनाएका छन्। मतदानका क्रममा ४ जनाको मृत्यु भएको बताइएको छ। उनीहरूको मृत्यु के कारणले भयो भन्नेबारे खुलेको छैन।

निर्वाचनसँगै राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसंग्रह पनि गरिएको छ। बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्ने छ। प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ।

बिएनपी र जमात-ए-इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन्। तर अवामी लिग र उसका केही पूर्वसहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमत संग्रहको आलोचना पनि भइरहेको छ। यस चुनावले बंगलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ। *एजेन्सीको सहयोगमा*

■■■

## वैदेशिक...

यहीबीच मुलुक भित्रने रेमिटचान्स पनि विगतको भन्दा उल्लेख्य बढेको छ। अघिल्लो आर्थिक वर्षमा १७ खर्ब २३ अर्ब रूपैयाँभन्दा बढी रेमिटचान्स भित्रिएको थियो। रोजगारीका लागि विदेसिँदा व्यक्तिको आर्थिक स्थितिमा सुधार हुनुका साथै मुलुक भित्रने रेमिटचान्समा वृद्धि भए पनि बालबालिकामा यसका नकारात्मक मानसिक-सामाजिक प्रभाव भने देखापरेको सर्वेक्षणको रिपोर्टमा भनिएको छ। यद्यपि, यसले निम्त्याउने समस्या भने उल्लेख गरिएको छैन।

बालअधिकारसम्बन्धी कन्भेन्सन (सिआरसी)का अनुसार हरेक बालबालिकाले आफ्नो व्यक्तित्वको पूर्ण विकासका लागि परिवारिक वातावरणमा, खुसी, माया र समझदारीको वातावरणमा हुर्किनुपर्छ। तर रोजगारीको सिलसिलामा अभिभावक विदेसिँदा ३३.२ प्रतिशत बालबालिका कम्तीमा एक जना अभिभावकविनै हुर्किरहेको तथ्यांक छ। दुवै जना अभिभावक नभएकाहरूको हेरचाह भने आफन्तलगायतले गर्ने गरेको उल्लेख गरिएको छ। सो अध्ययनले यस्ता बालबालिकाको हेरचाह र भलाइ प्रवर्द्धन गर्ने लक्षित कार्यक्रम तय गर्न आवश्यक रहेकोसमेत भनिएको छ।

■■■

## जोसँग उम्मेदवारले...

जहाँ उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने भनिएको छ। खर्च गर्ने जिम्मेवार पदाधिकारी उम्मेदवारले तोक्नुपर्ने, तोकिएका पदाधिकारीको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्ने प्रावधान रहेको आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनले बताइन्।

उनका अनुसार त्यहाँ पच्चीस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्था मार्फत गर्नुपर्ने, व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई उम्मेदवारको वा दलको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था पनि छ।

## रूपन्देहीका मतदाता चार दशकदेखि लालपुर्जाको आशमा

**रूपन्देही–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि यहाँ उम्मेदवारहरूले घरदैलो कार्यक्रम गरी चुनावी अभियानलाई तीव्रता दिएका छन्। पाँचवटा निर्वाचन क्षेत्र रहेको रूपन्देहीको क्षेत्र नम्बर १ मा सुकुम्बासी समस्या चार दशक बित्दा पनि उस्तै रहेको मतदाताहरूले गुनासो गरेका छन्।

तिलोत्तमा-१० बाहुनडाँडा शान्ति टोलका सुकुम्बासीले घरदैलोको क्रममा पुगेका क्षेत्र नम्बर १ का राप्रपा उम्मेदवार प्रज्ज्वल बोहरासमक्ष आफ्ना गुनासा राख्दै विगतका उम्मेदवारले दिएको विकासका आश्वासन पूरा नगरेको गुनासो पोखे।

२०३६ सालदेखि कान्छीबजार दुर्गा मन्दिर क्षेत्रमा बस्दै आएका धर्मराज कार्कीले भने, 'चुनाव धेरै पटक भयो, आश्वासन पनि धेरै पटक पाइयो तर लालपुर्जा पाउन सकिएन। पहिला घरधुरीको ५० रूपैयाँ हाल एक हजार ९६२ रूपैयाँ घर कर तिर्न परे पनि लालपुर्जा नहुँदा घरजग्गा धितो राख्नसम्म पाइँदैन, यसले समस्या परेको छ।' भूमि आयोग पनि पटक-पटक बन्यो तर लालपुर्जाको आश्वासन दिएका उम्मेदवारले उनीहरूको समस्या हेरेनन्।

सोही गाउँकी लक्ष्मी थापाले आफू ४० वर्षदेखि यो गाउँमा बस्दै आएको बताउँदै भनिन्, 'हाम्रो घरजग्गा टोकनवाला हो, लालपुर्जा छैन। पुस्ता गइसक्यो, बूढी भइयो, नेताहरूले लालपुर्जा दिन्छम् भन्छन् तर दिँदैनन्। अब त पुर्जा पाउने आश पनि मर्‍यो।'

यी त केही उदाहरणमात्र हुन्। यो गाउँमा पुर्जा नपाउनेको संख्या थुप्रै छ। अन्य आसपासका वडामा रहेका सयौं घरपरिवारले पनि लालपुर्जा पाउन सकेका छैनन्। गाउँलेहरूले सुकुम्बासी समस्याको अलावा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत्को समस्या रहेको पनि बताउँछन्। भोट माग्दै गाउँमा पुग्ने उम्मेदवारहरूलाई प्रायः सबै मतदाताहरूले विगतका वाचाहरू पूरा नभएको भनी प्रश्न गरेको पाइन्छ। *रासस*


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/०१ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रिभेरा इन्फो ट्रेड प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयत ईन्टरेशनल प्रा.लि. (प्रा.लि.नं. १९६७९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



अरिहन्त मल्टिफाईवर्स लिमिटेड
सोनापुर, सुनसरीको

### वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,

यस अरिहन्त मल्टी फाईवर्स लिमिटेडको सञ्चालक समितिको मिति २०८२।१०।१० मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व.२०८१।८२ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२।११।०६ गते बुधबार (तदनुसार १८ फेब्रुअरी २०२६)
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**छलफलका प्रस्तावहरुः**

१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८१।८२। वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. चालु आर्थिक वर्ष २०८२।८३ का लागी लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा।
५. संचालक नियुक्ती सम्बन्धमा।
६. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा।
७. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
८. विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



### राहदानी हरायो

मिति २०८२/१०/२७ गते काठमाडौं, यरपोर्टबाट धापासी जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : **बिनोद तामाङ्ग**
राहदानी नं : **PA२२२२४१६ (भिजा लागेको)**
ठेगाना : **सुन्दर हरैचा-५, मोरङ्ग**
फोन नं : **९८११३२२३७७**



### माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८२/०८/१५ अन्दाजी बिहान ११ बजेको समयमा जडिबुटी देखि दोभानपुलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +2 तहको NEB बाट जारी भएको प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः बिना गिरी**
**रजिष्ट्रेसन नं. ७४६१०२०४१**
**ठेगानाः कुसे-९, जाजरकोट**



### माइग्रेसन हराएको सूचना

मिति २०८२/०९/२६ गते काठमाडौं, सुकेधाराबाट चप्पलकारखानासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : अदिती क्षेत्री**
**रजिस्ट्रेसन.नं.: ७६७६०१११४**
**सिरियल नं.: M०४५४७६७**
**सिम्बोल नं.: २७६००१८९**
**ठेगाना : कपिलवस्तु, वाणगंगा, वडा नं.२**
**सम्पर्कः : ९८६३९९३५४०**



### साउदीमा रोजगार

कम्पनी : JODRAN ALKHALEEJ AL-MUSTAQBAL LIMITED

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 338993 | चलानी नं. ६०२५२३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३८,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



### कतारमा रोजगार

कम्पनी : SPICK AND SPAN CLEANING SRVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338323 | चलानी नं. ६०२५२३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/JANITRESS | 0 | 2 | 1000 | ३९,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Ladies) | 0 | 1 | 1000 | ३९,७७२ | | | | | | | |
| 3 | CLEANERS/PUBLIC BUILDING | 0 | 1 | 1000 | ३९,७७२ | | | | | | | |
| 4 | Ground Host for Reservation | 2 | 0 | 1200 | ४७,७२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १ गते (13th Feb. 2026) मा हुनेछ।
Butwal Multiple Traning Center, Rupandehi मा मितिः २०८२ फागुन १ गते (13th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



**Shailyashikhar Municipality**

## Office of Municipal Executive

**Gokuleshwor, Darchula**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2082-11-01**

| S.N | Contract ID | Name of the Project | Bid Security Amount(NRs) | Price Of Bidding Document (NRs) | Validity period of the bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|
| 1 | SM/NCB/WRB3/2082/83 | Construction Of Ward Office Building Of Shailyashikhar Municipality-3 | 60,000.00 | 3000.00 | 90 days | 120 days |
| 2 | SM/NCB/WRB5/2082/83 | Construction Of Ward Office Building Of Shailyashikhar Municipality-5 | 60,000.00 | 3000.00 | 90 days | 120 days |
| 3 | SM/NCB/WRB7/2082/83 | Construction Of Ward Office Building Of Shailyashikhar Municipality-7 | 60,000.00 | 3000.00 | 90 days | 120 days |
| 4 | SM/NCB/WRB8/2082/83 | Construction Of Ward Office Building Of Shailyashikhar Municipality-8 | 60,000.00 | 3000.00 | 90 days | 120 days |

1. ***Shailyashikhar Municipality office*** invites electronic bids from Nepalese eligible bidders for the following **construction works** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Shailyashikhar Municipality, Gokuleshwar, Darchula*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost **(i.e. NRs. 3000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Office Name of the Bank: *Nepal Investment Mega Bank Ltd.***

   **Name of Office: Shailyashikhar Municipality**

   **Office Account no.: *29701400000079 (Bid Document Fee)***
4. Electronic bids must be submitted to the ***office of Shailyashikhar Municipality*** through PPMO website www.bolpatra.gov.np/egp on or before **10:00** ***Morning*** on ***2082-12-01***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***11:00 AM on 2082-12-01*** at the office of ***Shailyashikhar Municipality***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, bid security shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submissi

**Act.Chief Administrative Officer**

# पत्रकार महासंघ ललितपुर शाखा ३४औं वर्षमा

**ललितपुर–** नेपाल पत्रकार महासंघ, ललितपुर शाखा ३४औं वर्षमा प्रवेश गरेको छ । स्थापना दिवसका अवसरमा शाखाका अध्यक्ष रामहरि कार्कीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर, सदस्य, पूर्वअध्यक्ष, सल्लाहकार तथा शुभेच्छुकहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

अध्यक्ष कार्कीले शाखालाई स्थापना कालदेखि हालसम्मको अवस्थामा पुऱ्याउन योगदान गर्ने अग्रजहरूको उच्च सम्मान गर्दै नेपालको प्रजातान्त्रिक आन्दोलनमा सरिक भई प्रेस स्वतन्त्रताको लडाइँका क्रममा सहादत प्राप्त गरेका पत्रकारहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । साथै आन्दोलनका क्रममा बेपत्ता तथा घाइते भएका पत्रकारहरूको स्मरण गरेका छन् ।

उनले महासंघले स्थापनाकालदेखि नै श्रमजीवी पत्रकारको हकहित, स्वतन्त्र पत्रकारिताको संस्थागत विकास, राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकारको पक्षमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । प्रतिकूल परिस्थितिमा पनि अग्रजहरूले देखाएको मार्गबाट विचलित नभई महासंघको उद्देश्य प्राप्तिमा सशक्त रूपमा लागिरहनुपर्ने आवश्यकता औंल्याए ।

अध्यक्ष कार्कीले महासंघ मुलुकमा संघीयताको अभ्यास गर्ने पहिलो लोकतान्त्रिक संस्था भए पनि तीनै तहका सरकारले आवश्यक ध्यान नदिँदा सञ्चार क्षेत्रले संघीयताको अनुभूति गर्न नसकेको बताए । संविधान जारी भई दुई आवधिक निर्वाचन सम्पन्न भइसके पनि मिडिया सम्बन्धी कानुन तीनै तहमा निर्माण हुन नसक्नु दुःखद् रहेको उनको भनाइ छ । यस सन्दर्भमा प्रेसमैत्री कानुन निर्माणका लागि निरन्तर खबरदारी र दबाब आवश्यक रहेको उनले जोड दिए ।

कोभिड-१९ पछिको आर्थिक सङ्कटले पत्रकारिता क्षेत्र गम्भीर रूपमा प्रभावित भएको उल्लेख गर्दै कार्कीले धेरै सञ्चारमाध्यम बन्द हुनुका साथै सञ्चारकर्मीले रोजगारी गुमाउनु परेको बताए । परम्परागत मिडियामा विज्ञापन बजार खुम्चिएको र डिजिटल प्लेटफर्मतर्फ रूपान्तरण भएको उल्लेख गर्दै उनले स्थानीय र प्रदेश सरकार अझै प्रेसमैत्री बन्न नसकेको टिप्पणी गरे । आमसञ्चार माध्यममार्फत प्रवाह गर्नुपर्ने सूचना विज्ञापन कार्यालय र सामाजिक सञ्जालमा सीमित गरिँदा सञ्चारमाध्यम आर्थिक रूपमा कमजोर बनेको उनको भनाइ छ ।

पत्रकारहरूले नियमित पारिश्रमिकका लागि आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना हुनु चिन्ताजनक रहेको बताउँदै उनले श्रमजीवी पत्रकारको पेशागत अधिकार सुनिश्चित गर्दै सञ्चार संस्थाको सवलीकरणका लागि रणनीतिक योजना आवश्यक रहेको धारणा राखे । यी समस्या समाधानका लागि स्थानीय, प्रदेश र संघीय सरकारको अभिभावकीय भूमिका अपरिहार्य रहेको उनले उल्लेख गरे ।

# निःशुल्क कानुनी सहायता कार्यक्रमबाट लाभान्वित हुने बढ्दै

**महेन्द्रनगर (धनुषा)–** मधेस प्रदेश सरकारले सञ्चालन गरिरहेको निःशुल्क कानुनी सहायता कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मुख्य न्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहले प्रदेशमा निःशुल्क कानुनी सहायताका कारण गरिब तथा सीमान्तकृत वर्गका नागरिकलाई न्याय प्राप्तिमा सहज भएको बताए ।

आर्थिक अभावका कारण न्याय पाउनबाट वञ्चित हुनसक्ने अवस्था न्यूनीकरणका लागि दलित, विपन्न, अपांगता तथा पछाडि परेका वर्गका नागरिकलाई लक्षित गरी मुख्य न्यायाधिवक्ता कार्यालयमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ ।

मुख्य न्यायाधिवक्ता डा. सिंहले भने, 'नेपालको संविधानले हरेक नागरिकलाई सहजरूपमा न्याय पाउने हक सुनिश्चित गरेको छ । त्यसलाई कार्यान्वयनका लागि प्रदेश सरकारले निःशुल्क कानुनी सहायता कार्यक्रम सञ्चालन भइरहेको छ । यसले प्रदेशमा सुशासन र न्यायिक प्रणालीलाई थप सुदृढ बनाउन सहयोग पुगेको छ ।'

यहाँ प्रदेशका आठवटै जिल्लामा कानुनी सहायता अधिकृतको व्यवस्था गरी सेवा प्रवाह भइरहेको र यसले लक्षित वर्गका नागरिकको अदालतसम्म सहज पहुँचमा योगदान गरिरहेको उनको भनाइ छ । आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशमा यो कार्यक्रम सुरु गरिएको हो । लक्षित वर्गका सेवाग्राहीले जिल्ला, उच्च, सर्वोच्च तथा प्रशासकीय अदालतसम्म निःशुल्क कानुनी सहयोग पाउँदै आएका छन् ।

कार्यालयका अनुसार पहिलो वर्षमा १०८ जनाले सेवा लिएकामा २०७६/७७ मा ११०, २०७७/७८ मा १४४, २०७८/७९ मा २३८ र २०८१/८२ मा ३६८ जनाले निःशुल्क कानुनी सहायता लिएका छन् । *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/०१ गते**

**हेल्थस्क्वायर बेलनेस डायग्नोष्टिक प्रा.लि.**को २०८२/०९/२५ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./७१५५३, मिति २०८२/१०/०८ को निर्णयानुसार साविकको **हेल्थस्क्वायर बेलनेस डायग्नोष्टिक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम क्लिनिकल डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **क्लिनिकल डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि. (Clinical Diagnostic And Research Centre Pvt Ltd)** कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/२९ मा दर्ता कायम भएको **एन. यु. बिल्डर ब्रदर्स इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** (प्रा.लि.नं. २०६६०५/२०७५/०७६) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२९ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/०१ गते**

यस कम्पनीको मिति २०८२/१०/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **आयत ईन्टरेशनल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयत ईन्टरनेशनल प्रा.लि. (प्रा.लि.नं. १९६७९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रो ) उद्योग सञ्चालन कार्यको कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन माथि सार्वजनिक सूनुवाईको लागि आव्हान गरिएको**

## सूचना

**प्रकाशित मितिः २०८२/११/०१ गते**

कर्णाली प्रदेश सुर्खेत जिल्ला, गुर्भाकोट न.पा.-१० घुम्खोरमा युव्यान बायोटेक्नोलोजी प्रा. लि. गुर्भाकोट न.पा.-१० घुम्खोर सुर्खेत कर्णाली प्रदेश, नेपालद्धारा हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रो प्रशोधन) उद्योग सञ्चालन कार्यको प्रस्ताव गरिएको छ । वातावरण संरक्षण ऐन २०७६ अनुसार यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न तयार गर्न लागिएको प्रतिवेदन वारे राय सूझाव सङ्कलन गर्नुपर्ने भएकोले स्थानीय जनता, संघ संस्थाको प्रतिनिधीहरू तथा सरोकारवालाहरू र प्रस्तावक निकायको प्रतिनीधिहरूको वीच सार्वजनिक सूनुवाई कार्यक्रमको आयोजना गरिएकोले निम्न मिति, समय, स्थानमा सम्बन्धित सबै सरोकारवाला महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**
**मितिः** २०८२/११/०९, बिहान ११ बजे
**स्थानः** भेडावारी सामुदायिक वनको सभा हल गुर्भाकोट न.पा.-१०, घुमखोर खरायोचौर, सुर्खेत
**आयोजकः** युव्यान बायोटेक्नोलोजी प्रा।लि। गुर्भाकोट न.पा.-१०, घुम्खोर सुर्खेत कर्णाली प्रदेश, नेपाल इमेलः marcussin2011 @gmail.com फोन नः ९८१३४६००२३
**परामर्श दाताको नाम र ठेगाना**
एकिकृत सिर्जनशील नेपाल, इमेलः iinepal2072@gmail.com.np फोन नं. ९८४४०२९०००

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/२८ मा दर्ता भएको **प्रा. लि. नं. १८५५००/०७४/७५** को **सर्वनिदान प्याथोलोजी प्रा. लि.** को मिति २०८२/१०/२९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०३/१५ मा दर्ता भएको **प्रा. लि. नं. २३७५६८** को **रुट्स टु योगा प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/०१**

**उपत्यका ट्याक्सी सेवा प्रा. लि.** को मिति २०८२/१०/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **उपत्यका सार्वजनिक यातायात प्रा. लि. (दर्ता नं. ३२२८६१)** कायम गर्ने गरी मिति २०८२/१०/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अरिहन्त पोलिप्याक लिमिटेड**
सोनापुर, सुनसरीको

## वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,
यस अरिहन्त पोलिप्याक लिमिटेडको सञ्चालक समितिको मिति २०८२।१०।१० मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व.२०८१।८२ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८२।११।०६ गते बुधबार (तदनुसार १८ फेब्रुअरी २०२६)**
**समय : अपरान्ह ३:०० बजे**
**स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर**

**छलफलका प्रस्तावहरुः**
१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. चालु आर्थिक वर्ष २०८२।८३ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा ।
५. संचालक नियुक्ती सम्बन्धमा ।
६. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा ।
७. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**

## Water Supply and Sanitation Division Office

**Kailali**

## Invitation For Bid (Ifb)

**(First date of publication: 2026-02-13 (2082 Falgun 01)**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following goods under National Competitive Bidding (NCB):

| S.N. | Contract ID | Description | Estimated Amount ( exclusive of VAT and PS) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/Bid Bond Validity | Bid Security/Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/ KAILALI/NCB/ WORKS/ 07/2082-083 | Supply, Installation, Testing and Commissioning of Complete Water Purification and Dispensing System with Hot, Cold and Normal Water at different locations of Kailali and Kanchanpur Districts | 16634630.00 | 3000 | 90/120 days | 490,000.00 |

Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Division Chief**

# शिखर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**तल्कोट डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आन्तरिक आयको ठेक्का सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मितिः- २०८२/११/०१**

शिखर नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयको ठेक्काको लागि बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय ठेक्काको लागी सार्वजनिक खरिद नियमावलीको नियम (४०) को उप नियम (२) वमोजिम सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

| S. N. | आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम कबोल अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | बोलपत्र पेश तथा खुल्ने अन्तिम मिति | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| 1. | SMDOTI/R/SQ/ 01/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-समुहगाड | ८,१२,१७०।०० | कबोल अंक (मु.अ.कर सहित)को ५ (पाँच) प्रतिशत हुन आउने रकम | **पेश गर्ने अन्तिम मिति** २०८२/११/०८ गते दिउँसो १२ बजे सम्म **खुल्ने अन्तिम मिति** २०८२/११/०८ गते दिउँसो १ बजे शिखर नगरपालिकाको कार्यालय तल्कोट डोटी | १०००।०० |
| 2. | SMDOTI/R/SQ/ 02/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-कालागाड | ४,३०,७२७।०० | | | १०००।०० |
| 3. | SMDOTI/R/SQ/ 03/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-रामपुर क | ४०,४०,५४०।०० | | | ३०००।०० |
| 4. | SMDOTI/R/SQ/ 04/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-रामपुर ख | ५,१०,१००।०० | | | १०००।०० |
| 5. | SMDOTI/R/SQ/ 05/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-राजघाट | १५,७३,३१३।०० | | | १०००।०० |

यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बंगलादेशको निर्वाचनबाट पाठ सिकौं

गत वर्ष बंगलादेशमा भएको जेन–जी विद्रोहका क्रममा एक हजार ४०० बढी मानिसहरू मारिएका थिए। पूर्ववर्ती सरकारको विरोधमा बंगलादेशका जनताहरूले शहादत प्राप्त गरेपछि त्यतिबेला प्रधानमन्त्री रहेकी शेख हासिना भारत भागिन्। त्यसपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बन्यो। युनुस नेतृत्वको सरकारले बंगलादेशमा बिहीबार शान्तिपूर्वक निर्वाचन सम्पन्न गरेको छ। बिहीबार भएको मतदानबाट ३४९ सांसद् चुनिँदै छन्। ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनुपर्ने र ५० सिट महिलाका लागि आरक्षित छन्। एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको छ।

मतदात भएका क्षेत्रहरूको नतिजा आउनेक्रम जारी छ। विभिन्न बाधाको बाबजुद यहाँ निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। नेपालमा पनि फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदैछ। यहाँ पनि भदौ २२ र २३ गते जेन–जी विद्रोह भएको थियो। पुराना दलको नेतृत्वमा रहेको सरकारले बढाएको आक्रोशका कारण यो विद्रोह भएको थियो। त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार बन्यो। निर्वाचन भयरहित वातावरणमा गराउने ध्याउन्नमा कार्की नेतृत्वको सरकार लागेको देखिन्छ। निर्वाचनका लागि सेना परिचालन भइसकेको छ भने सम्पूर्ण सुरक्षा संयन्त्र पनि तयार देखिएको छ।

यद्यपि विभिन्न समूहले निर्वाचन हुन नदिने भन्दै धम्की दिनेदेखि आतंक सिर्जनासमेत गर्न थालिएको छ। यो विषयमा प्रधानमन्त्री कार्कीले छिमेकी देश बंगलादेशबाट पाठ सिक्नुपर्छ। बंगलादेशमा पनि विभिन्न समूहले निर्वाचन गर्न नदिने चेतावनी दिएको, हसिनाको दलले निर्वाचनलाई अवैध भनेकोदेखि निर्वाचनमा भाग लिएकै दलका उम्मेदवारहरूले उम्मेदवारी फिर्ता लिएको घटना भएका छन्। तर युनुस नेतृत्वको सरकारले कुनै पनि अवस्थामा पछि नहटी निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न गरेको छ।

यतिमात्र हैन अन्तरिम सरकारले राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसंग्रह पनि गरिएको छ। यो जनमतसंग्रह बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्ने छ। प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ। यता नेपालमा धेरैजसोले सरकारको स्थायित्व आवश्यक रहेको महसुस गर्न थालेका छन्। कुनै पनि सरकार पाँच वर्ष नटिक्दा हैरानी खेप्नुपरेको देखिन्छ। यसैले नेपालले पनि यसबारेमा पाँच वर्ष टिक्ने खालको सरकार बनाउन निर्वाचनसँगै अर्को सहमति गर्नुपर्ने देखिन्छ। जसरी बंगलादेशमा निर्वाचनसँगै जनमतसंग्रह गरियो, नेपालले पनि यसबाट पाठ सिकेर पाँच वर्ष टिक्ने खालको सरकार निर्माणबारे मत लिऔं।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# उन्नत लोकतन्त्रका लागि समावेशी निर्वाचन



❑ धर्मेन्द्र झा

> “ निर्वाचनमा समावेशिताको अर्थ मतदान र उम्मेदवारसम्म मात्र सीमित छैन। समग्र निर्वाचन प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक हुन्छ। अपांगता भएका मतदाताका लागि मतदान केन्द्र पहुँचयोग्य हुनु, चुनावसँग सम्बन्धित जानकारी मातृभाषामा प्राप्त गर्न सक्नु, मतदानका नाममा आफ्नो सांस्कृतिक विश्वासमाथि अतिक्रमण नहुनु, दृष्टिविहीन मतदाताका लागि मतपत्र वा प्रविधि उपलब्ध हुनुजस्ता केही यस्ता विषयलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ, जहाँ समावेशी अवधरणाको कार्यान्वयन अपरिहार्य रहेको मान्न सकिन्छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन आसन्न छ। तय कार्यक्रमअनुसार आगामी महिना अर्थात् फागुनको २१ गते एकै चरणमा मतदान हुने छ। गत भदौको २३ र २४ गते युवाहरूको अगुवाइमा भएको आन्दोलनको जगमा हुन लागेको आसन्न निर्वाचन धेरै कारणले महत्त्वपूर्ण छ। दशौं संविधान दिवसको पूर्वसन्ध्यामा भएको युवा (जेन-जी) आन्दोलन कसैको पनि विस्मृतिमा पुगिसकेको छैन। आन्दोलनको प्रकृतिको विश्लेषण गर्दा आन्दोलनकारीले सरकार परिवर्तन गर्न चाहेका थिए र आफूले उठान गरेका मुद्दाको सम्बोधन यही संविधानमार्फत चाहेका थिए।

सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनाउन सफलता पाएको युवा पुस्ता केन्द्रित दुईदिने आन्दोलनको निश्चय पनि कालजयी महत्त्व छ र यसको चर्चा सुदूर भविष्यसम्म रहने छ। यो घटना विश्वका धेरै देशमा धेरै दिनसम्म उदाहरणीय बन्ने छ। यस पृष्ठभूमिमा यसपटकको निर्वाचनका सन्दर्भमा केही कुराको प्रक्षेपण गर्न सकिन्छ। पहिलो, निर्वाचनले पारम्परिक सरकारको अवधारणामा परिवर्तन ल्याउने छ। दोस्रो, लोकतन्त्रलाई थप सबल र सुदृढ गर्ने छ। तेस्रो, संविधानको भावनाको अनुशरण र कार्यान्वयनमा बल पुग्ने छ। चौथो, युवा भावना र आवाजलाई थप प्रभावकारी बनाउने छ र पाँचौं, देश विकासका लागि आवश्यक नयाँ मुद्दा र प्रक्रियाको पहिचान गर्ने छ।

यतिमात्र होइन, समावेशिताको औचित्य र आवश्यकताका सम्बन्धमा नयाँ ढंगले बहस प्रारम्भ गर्ने छ। माथि उल्लेख गरिएका कुराहरू कुनै न कुनै रूपमा समग्रमा राष्ट्रनिर्माणको अवधारणा र प्रक्रियासँग सम्बन्धित छन् भन्नु गलत हुँदैन। यस सन्दर्भमा निर्वाचन महत्त्वपूर्ण माध्यम हुने कुरामा विमति हुन सक्दैन। तर सामान्य प्रक्रियाभन्दा समावेशी निर्वाचन प्रक्रियाले अपेक्षित परिणाम प्राप्तिमा सघाउ पुग्छ, यसमा पनि असहमति व्यक्त गर्न सकिँदैन।

### लोकतन्त्र-गुणस्तर मापनको सूचक समवेशीता

निर्वाचनमा समावेशिता लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्त्वपूर्ण सूचक हो। निर्वाचनमा समावेशिता भन्नाले समाजका सबै वर्ग, समुदाय र समूहको समान पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुमात्र होइन विविध मुद्दाप्रतिको स्वीकारोक्ति पनि हो। उपलब्ध विविधतालाई एकताको मालामा उन्ने सशक्त विधि हो समावेशिता। यस अवधारणाभित्र मतदाता दर्तादेखि उम्मेदवारी, प्रचारप्रसार, मतदान, मतगणना र प्रतिनिधित्वसम्मका सबै चरणमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, हिमालीलगायतका पिछडिएका क्षेत्रका नागरिक र प्रवासी मतदाताको अर्थपूर्ण सहभागिता समेटिन्छन् र समेटिन सक्नुपर्छ। सारमा यो देश सबै नेपालीको हो र प्रत्येक नेपालीमा देश मेरो पनि हो भन्ने भावनाको विकास हुनु अनिवार्य छ। यसका लाीग देशप्रतिको स्वामित्वबोध हुनु अपरिहार्य छ। यस प्रक्रियामा समावेशीको अवधारणाले मद्दत गर्ने कुरामा दुईमत हुन सक्दैन। आसन्न निर्वाचनमा निर्वाचनको सम्पूर्ण प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक छ।

निर्वाचन लोकतन्त्रको आत्मा हो। निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् र शासन प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउँछन्। बुझ्नुपर्ने कुरा के हो भने निर्वाचन केवल मत हाल्ने प्रक्रियासम्म मात्र सीमित हुँदैन; यो समावेशी, न्यायोचित र समान अवसरमा आधारित हुनुपर्छ। जाति, लिंग, भाषा, क्षेत्र, अपांगता, आर्थिक अवस्था वा सामाजिक पहिचानका कारण कुनै समूह निर्वाचन प्रक्रियाबाट उपेक्षित र बहिस्कृत हुनुहुँदैन, त्यसो भयो भने लोकतन्त्र अपूर्ण हुन जान्छ।

त्यसैले पनि आजको विश्वमा निर्वाचनमा समावेशिता लोकतान्त्रिक सुशासनको प्रमुख सवालमात्र बनेको छैन, कतिपय सन्दर्भमा त समावेशी निर्वाचनको अवधारणा आजको पछिल्लो पुस्ताको उन्नत लोकतन्त्रका लागि अनिवार्य सर्तका रूपमा पनि स्वीकृत भएको छ।

### नेपालको संवैधानिक व्यवस्था र समावेशी निर्वाचन

वि.सं. २०६२/६३ को जनआन्दोलनपछि राज्य पुनर्संरचनासँगै गम्भीर रूपमा उठान भएको विषय हो समावेशिताको सवाल। नेपालको संविधान २०७२ ले समावेशी लोकतन्त्रलाई मूल आधारका रूपमा स्वीकार गरेको छ। संविधानको प्रस्तावनामै सामाजिक न्याय, समावेशिता र समानुपातिक प्रतिनिधित्वको प्रतिबद्धता व्यक्त गरिएको छ। संविधानको धारा ८४ अनुसार प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्त अवलम्बन गरिएको छ। राजनीतिक दलहरूले बन्द सूची प्रणालीमार्फत उम्मेदवार चयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र र खस आर्य समुदायलाई जनसंख्याको अनुपातमा समेट्नुपर्ने व्यवस्था छ। यसैगरी, राष्ट्रिय सभामा पनि महिला, दलित र अपांगता भएका वा अल्पसंख्यक समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिएको छ। स्थानीय तहमा त झनै समावेशिता मजबुत बनाइएको छ। गाउँपालिका र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्ये एकजना महिला हुनैपर्ने, वडास्तरमा दलित महिला सदस्य अनिवार्य हुने व्यवस्था अन्तर्राष्ट्रिय अभ्यासमै उदाहरणीय मानिन्छ। यसकारण नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व उल्लेखनीयरूपमा बढेको छ।

लोकतन्त्रको सुदृढीकरणका लागि समावेशी निर्वाचन आजको आवश्यकतामात्र होइन, भविष्यको आधार पनि हो। संविधानले सैद्धान्तिकरूपमा समावेशी अवधारणालाई स्वीकार गरे पनि व्यवहारमा कति कार्यान्वयन हुन सकेको छ ? त्यो अध्ययन र मूल्यांकनकै विषय हो भन्दा फरक पर्ने छैन। प्रतिनिधिसभा र राष्ट्रिय सभामा समावेशी अवधारणाका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न खोजिए पनि चोर बाटा थुप्रै अख्तियार गरिएका छन्, जसबाट दल र तिनका नेताले आफूले इच्छाएकालाई त्यहाँ लग्ने गरेका छन्। केही हदसम्म हुनेखाने नै त्यहाँ पुग्ने गरेको आरोप पनि लाग्ने गरेको छ, जसलाई सम्पूर्ण ढंगले अस्वीकार गर्ने अवस्था छैन।

यस्तै प्रतिनिधिसभामा प्रत्यक्षतर्फको निर्वाचनमा महिलालाई उचित संख्यामा प्रतिनिधित्व गराउन नसकिएको अवस्थामा समानुपातिकतर्फबाट संसद्मा प्रवेश गराउने विधि अपनाइएको छ। यसको प्रभाव अन्य क्षेत्रमा पर्न खोजेको छ भन्नु असंगत नहोला। महिलाका लागि केही निर्वाचन क्षेत्र नै आरक्षित गर्नु र निश्चित प्रतिशत तोकी दलहरूलाई अनिवार्यतः उम्मेदवार बनाउन बाध्य गर्नुजस्ता केही थप विधिबाट प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व सुनिश्चित गर्न सकिए अन्य क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।

### व्यवहारमा देखिएका चुनौती

संवैधानिक र कानुनी व्यवस्था प्रगतिशील भए पनि माथि उल्लेख गरिएजस्तै व्यवहारमा भने समावेशी निर्वाचन अझै चुनौतीपूर्ण छ। नेपालले संवैधानिक र कानुनीरूपमा समावेशी निर्वाचनलाई विशेष महत्त्व दिएको पाइन्छ तर व्यावहारिक कार्यान्वयन, प्रतिनिधित्वको गुणस्तर र निर्णय प्रक्रियामा भने अझै वास्तविक पहुँच सुनिश्चित हुन सकेको छैन। समानुपातिक प्रणालीमार्फत आएका प्रतिनिधिहरू पार्टी नेतृत्वप्रति बढी जवाफदेही हुने, उनीहरूको निर्णयात्मक भूमिका सीमित हुने गुनासो व्यापक छ। साथै, सीमान्तकृत समुदायका उम्मेदवारलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न आर्थिक स्रोत, संगठनात्मक पहुँच र राजनीतिक संरक्षणको अभाव देखिन्छ।

निर्वाचनमा समावेशिताको अर्थ मतदान र उम्मेदवारसम्म मात्र सीमित छैन। समग्र निर्वाचन प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक हुन्छ। अपांगता भएका मतदाताका लागि मतदान केन्द्र पहुँचयोग्य हुनु, चुनावसँग सम्बन्धित जानकारी मातृभाषामा प्राप्त गर्न सक्नु, मतदानका नाममा आफ्नो सांस्कृतिक विश्वासमाथि अतिक्रमण नहुनु, दृष्टिविहीन मतदाताका लागि मतपत्र वा प्रविधि उपलब्ध हुनुजस्ता केही यस्ता विषयलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ, जहाँ समावेशी अवधरणाको कार्यान्वयन अपरिहार्य रहेको मान्न सकिन्छ।

यस्तै विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न नपाउनेजस्ता विषय पनि समावेशिताका दृष्टिले कमजोर पाटा हुन्। अन्य देशका अभ्यासबाट नेपालले केही महत्त्वपूर्ण सिकाइ ग्रहण गर्न सक्छ। पहिलो, समावेशी अवधारणा केवल कानुनी प्रावधानमा सीमित नराखी कार्यकारी र निर्णयात्मक तहमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ। दोस्रो, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र र समावेशी नेतृत्व विकास आवश्यक छ। तेस्रो, निर्वाचन खर्च नियन्त्रण र सीमान्तकृत उम्मेदवारका लागि राज्यको सहयोग बढाउनुपर्छ।

प्रविधिको प्रयोगमार्फत अपांगतामैत्री मतदान प्रणाली, ब्रेलमा आधारित मतपत्र, विदेशमा रहेका नेपालीका लागि सुरक्षित मतदान व्यवस्था र युवा तथा पहिलोपटक मतदान गर्ने मतदाता लक्षित नागरिक शिक्षा कार्यक्रम विस्तार गर्न सकिन्छ। मतदाता शिक्षाका सन्दर्भमा मातृभाषाको प्रयोगलाई बढाउनु पनि आवश्यक हुन्छ। दलहरूले पनि आफ्नो सोच र कार्यशैलीमा परिवर्तन गर्नु आवश्यक छ। समावेशीका नाममा कागको झुण्डमा एउटा बकुल्ला उभ्याउने परिपाटीले सार्थक परिणाम प्राप्त हुन सक्दैन।

सम्बद्धपक्षका लागि गरिने निर्णय प्रक्रियामा सोही पक्षलाई सहभागी गराई जिम्मेवार बनाउने नीति अख्तियार गरिनु आवश्यक छ। यसविपरीत विभिन्न गठबन्धन र सम्झौताका नाममा राष्ट्रिय सभामा अल्पसंख्यक र अन्यको क्लस्टरबाट प्रायः हुनेखाने प्रभावशालीकै वर्चश्व देखिने गरेको छ। दलहरू यसमा सच्चिनु आवश्यक छ।

अन्त्यमा, माथि उल्लेख गरिएका विषय सम्बद्धपक्षका लागि ध्यानाकर्षणमात्र हुन्। भविष्यमा यी विषयमा सम्बोधनको रणनीति तय गरिने विश्वास गर्नु अनुचित हुने छैन। आवश्यक परेका खण्डमा भावी दिनमा निर्वाचन आयोगले नै पनि स्वसक्रिय भएर संविधानको भावनाअनुसार समावेशी अवधारणालाई कार्यान्वयन गर्ने दिशामा आवश्यक नीति तय गर्न सक्नुपर्छ। *रासस*

पाठक मञ्च

## दलका झूटा आश्वासनप्रति सचेत छन् मतदाता

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै छ। चुनाव आउन केही सातामात्र बाँकी छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ता बजारमा भन्छन्, रवि र बालेनसहितका उम्मेदवारलाई जसरी भए पनि चुनाव जिताउनुपर्छ। त्यस्तै, मजदुर किसान पार्टीबाट भक्तपुर क्षेत्र नम्बर १ का उम्मेदवार प्रेम सुवाललाई पनि जिताउन कार्यकर्ता कस्सिएका छन्।

त्यसका निम्ति मतदातालाई विभिन्न आश्वासन बाँडिरहेका छन्, कार्यकर्ता। भक्तपुर-१ मा २०४८ सालदेखि मजदुर किसान पार्टीले चुनाव जित्दै आएको छ। पहिले सो पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे उठ्थे। तर, वृद्धावस्थाका कारण उनकै समर्थनमा सुवाललाई केही समययता उम्मेदवार बनाइरहेको छ।

भक्तपुरमा नेमकिपाले चुनाव जित्नुको कारण अलग्गै छ। यहाँका सबै स्थानीय तहमा नेमकिपाकै प्रतिनिधि चुनिएका छन्। भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति नेमकिपाका नेता हुन्। भक्तपुर-१ मा ०४८ सालदेखि नेमकिपाले कसरी चुनाव जित्दै आएको छ त ? सबैको चासोको विषय बनेको छ।

भक्तपुरमा मापदण्डविपरीत इँटाभट्टा सञ्चालनमा छन्। इँटाभट्टाका कारण हिउँदमा बसिसक्नु हुँदैन। त्यसबाट निस्कने प्रदूषणका कारण धेरै दीर्घरोगको सिकार बनेका छन्। भक्तपुरमा थुप्रै मठमन्दिर छन्। विश्वसम्पदा सूचीमा सूचीकृत पाँच तलेदेखि ५५ झ्यालेलगायत मन्दिर यहाँ छन्। तर, यी सम्पदा ०४८ सालअगावै बनेको छ। यी सम्पदा हेर्न स्वदेशीदेखि विदेशी पर्यटकसम्म आउने गरेका छन्। नगरपालिकाले उनीहरूसँग यसबापत शुल्क असुल्दै आएको छ। पर्यटकबाट मात्र नगरपालिकाले मासिक लाखौं रकम आम्दानी गर्छ। तर, यो रकम विकास निर्माणमा खर्च नगरी मजदुर किसान पार्टीको कार्यक्रममा खर्चिने गरेकोसमेत आरोप छ।

भक्तपुर-१ मा प्रायःजसो स्थानीय नेमकिपामा आबद्ध छन्। त्यसैले उक्त पार्टीले जे जस्तो काम गरे पनि खासै विरोध हुन्न। एकछत्र शासन चलाइरहेको नेमकिपाबाट भएका नराम्रा कार्यहरू पनि बाहिर आउन सकेको छैन। कारण, बहुमत नेमकिपाकै कार्यकर्ता तथा समर्थक हुनु हो।

अर्कोतर्फ रास्वपाका अध्यक्ष रवि लामिछानेमाथि अमेरिकामा मात्र दर्जनौं मुद्दा छन्। नेपालमा पनि दर्जनौं सहकारी ठगेको मुद्दा अदालतहरूमा विचाराधीन छन्। यतिमात्र होइन, उनीमाथि आफ्नै सहकर्मी शालिकग्राम पुडासैनीलाई आत्महत्या गर्न बाध्य बनाएको, पासपोर्ट दुरूपयोगजस्ता आरोप छ। सँगै गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा पनि रवि र बालेन दुवै मुछिएका छन्।

उनीहरूकै मिलीभगतमा आन्दोलनलाई त्यो हदसम्म पुर्‍याएर ७६ युवाको ज्यान गएको र खर्बौंको निजी र सरकारी सम्पत्ति जलाएको जनताले बुझ्न थालेका छन्। अनि जनता सचेत हुन थालेसँगै चुनाव नजित्ने संकेत देखेपछि उनीहरूलाई जिताउन कार्यकर्ताहरू लागिपरेका छन्। त्यसका निम्ति मतदातालाई अनेकौं प्रलोभन देखाइरहेको धेरैको आरोप छ। किनकि, रवि र बालेनले चुनाव नजितेमा र फेरि पुरानै दल सत्तामा पुगे उनीहरू जेल पुग्ने निश्चित छ। यसकारण जसरी भए पनि फागुन २१ गतेको चुनाव जित्न उनीहरू लागिपरेका छन्।

नेमकिपा र रास्वपामात्रै होइन, अन्य दल पनि त्यसरी नै लागिपरेका छन्। दलका कार्यकर्ताहरू मतदातालाई आफ्नो पक्षमा पार्न निरन्तर लागिरहेका छन्। तर, अहिलेका मतदाता सचेत भइसकेका छन्। प्रायः मतदाताले बुझिसकेका छन् कि, अब कुनै प्रलोभनमा परेर मत दिने होइन, काम गर्ने व्यक्ति हेरेर मत दिने हो।

– रुषा थापा, भक्तपुर

# युवा मतदाताको रोजाइ सुशासन, विकास र रोजगारी दिने उम्मेदवार

**गलेश्वर (म्याग्दी)–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा म्याग्दीका मतदाताले आफ्नो धारणा बनाउन थालेका छन् । अब विगतमाझैं भाषण, आरोप-प्रत्यारोप र आश्वासन बाँड्नेलाई नभई सुशासन, विकास र रोजगारीमार्फत भविष्य निर्माणको संकल्प तथा योजना भएका उम्मेदवार भोट दिने युवा मतदाता बताउने गरेका छन् ।

सहरी क्षेत्रदेखि ग्रामीण बस्तीसम्मका मतदातामा काम गर्ने, समाज जोड्ने र विश्वास कायम गर्ने नेतृत्व रोज्ने धारणा बलियो बन्दै गएको युवा मतदाता भवि शर्माको भनाइ छ । उनी भन्छन्, 'चुनावको मौसममा उम्मेदवार र मतदाता दुवैका विचारहरू आइरहेका छन् । विगतदेखि नै उम्मेदवारले झूटा आश्वासन र विकासे नारामा हामीलाई लोभ्याउँदै आएको अवस्थामा यसपटक त्यस्तो हुँदैन । देशका समस्या समाधान गर्ने स्पष्ट योजना भएको उम्मेदवारलाई रोज्छौं, त्यसका लागि हामीले सचेत भएर हेरिरहेका छौं ।'

बेनी नगरपालिका-२ का मतदाता पूर्णबहादुर खत्री समाजमा विग्रह ल्याउने र गलत कुरा गरेर मत बटुल्ने सोचविरुद्ध आफू रहेको बताउँछन् । 'हरेक चुनावमा सपना बाँडिन्छ, तर काम देखिँदैन । यसपटक पनि कतिपयले त्यस्तै गर्न खोजिरहेका छन्, तर हामी सचेत छौं । अब समाजलाई भ्रमित बनाउने र झूटा आश्वासन दिने उम्मेदवारलाई भोट दिँदैनौं । जनताको दुःख बुझ्ने र काम गर्ने मान्छेलाई रोज्छौं,' उनले भने ।

मंगला गाउँपालिका-५ का किसान हरिकृष्ण पौडेलले देशमा सबैभन्दा प्रचुर सम्भावना भएर पनि उपेक्षामा परिरहेको कृषि क्षेत्रको विकासको स्पष्ट खाका ल्याउने दल र उम्मेदवारलाई आफ्नो सहयोग रहने बताए । उनले कृषि, पर्यटन, रोजगारीलगायत क्षेत्रमा देखिएका समस्या समाधानको नीति, कार्यक्रम र सोच ल्याउनुको सट्टा नपत्याउने गफ गर्नेलाई पहिचान गर्ने चरणमै रहेकाले यसपटक सोचेरमात्र मत दिने योजना रहेको बताए ।

खत्रीले भने, 'हामीलाई मल, सिँचाइ, सडक र बजार चाहिएको हो । जात र दलको कुरा गरेर समाज भाँड्ने राजनीति अब स्वीकार्य छैन । यस्तो प्रवृत्तिलाई भोट जाँदैन । यसपटक निकै सचेत भएर मत हाल्छौं ।'

म्याग्दीमा राजनीतिक दलका र स्वतन्त्र गरी १२ जना उम्मेदवार चुनावी मैदानमा छन् । हाल सबै उम्मेदवार जनताको घरदैलोमा गई आफ्ना योजना सुनाइरहेका छन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले जनताले खोजेको विकास र सुशासन नै आफ्नो मुख्य 'एजेण्डा' भएको र जनताको घरघर गएर समस्या पहिचान र गुनासो सुन्ने काम भइरहेको बताए । उनले भने, 'विभाजनको राजनीति होइन, सबैलाई समेटेर विकास गर्ने सोचसहितको बाटोमा हामी प्रतिबद्ध छौं । मतदाताको विश्वासलाई कामबाटै प्रमाणित गर्छौं ।'

नेकपा एमालेका उम्मेदवार हरिकृष्ण श्रेष्ठ पनि जनचाहनाअनुसार नै आफूले काम गर्ने विषयमा जनतालाई बुझाउने काम भइरहेको बताए । उनले भने, 'जिल्लाको विकास र स्थानीयका चाहनाबारे हामी जानकार छौं । गरिब, किसान र युवाका मुद्दा संसद्मा बलियो गरी उठाउने र जनचाहनाअनुसार नै विकास काम अगाडि बढाउनेमा मेरो पार्टी र म प्रतिबद्ध छु ।'

नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुनबहादुर थापाले म्याग्दीमा अधुरा विकास योजना पूरा गर्नु आफ्नो प्राथमिक सरोकार भएको बताए । 'आश्वासन होइन, स्पष्ट योजना र समयसीमासहित काम गरेर देखाउने हाम्रो लक्ष्य छ । सोहीअनुसार जनतालाई बुझाउने काम भइरहेको छ,' उनले भने । यस्तै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवार बनेका महावीर पुनले आफूलाई परम्परागत राजनीतिभन्दा फरक भएको दाबी गर्दै घरदैलो गरिरहेका छन् । उनी भन्छन्, 'जनताले पुरानो शैली अस्वीकार गरिसकेका छन् । पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम नै मेरो पहिचान हुने छ । त्यसका लागि मैले आफ्नो स्पष्ट सोच र योजना बनाएको छु ।'

यहाँ उम्मेदवार आफ्ना कुरा राख्न र मत माग्न व्यस्त छन् । मतदाताले पनि योजना र व्यक्तिको पृष्ठभूमि हेरेर निर्णय गर्छौं भनेर आफ्नो धारणा राखिरहेका छन् । बेनी बजारमा व्यवसाय गर्दै आएका शिव पौडेलले उम्मेदवारका प्रतिबद्धता कार्यान्वयनको आधार देखेमामात्रै यसपालिको निर्वाचनमा कुनै उम्मेदवारलाई मत दिने बताउँछन् । 'नेताहरूका कुरा धेरै सुनियो । अब व्यापार, रोजगारी र स्थायित्वका कुरा गर्ने उम्मेदवारलाई नै मेरो र परिवारको भोट जान्छ,' उनी भन्छन् । बेनीकी युवा मतदाता अंगिता पुन पनि भन्छिन्, 'हामी भाषण होइन, भविष्य खोजिरहेका छौं । युवालाई देशमै अवसर दिने नीति र योजना भएको उम्मेदवारलाई मात्र भोट दिन्छौं ।'

माउन्ट एभरेस्ट आवासीय माविका प्रधानाध्यापक राजु केसी मतदातामा बढ्दै गएको चेतनाले यसपटक निर्वाचन भावनाभन्दा मूल्यांकनमा आधारित हुने संकेत देखिएको बताउँछन् । आश्वासन र समाजमा दरार ल्याउने रणनीतिले उम्मेदवारलाई घाटा पुऱ्याउन सक्ने उनको विश्लेषण छ । यहाँका अधिकांश मतदाताले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण तथा स्तरोन्नति, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवर्द्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई मूल्यांकनको आधार बनाउने बताएका छन् ।

म्याग्दीमा एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार यहाँ कूल ८६ हजार ३९७ मतदाता छन्, जसमध्ये अन्य एक, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएका छन् । *रासस*

## पुर्चौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हाटँ, बैतडी

सुदूरपश्चिम प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः- २०८२/११/०१) (13 Feb, 2026)

यस कार्यालयबाट मिति २०८२/०८/२१ को प्रभाव राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक मूल्यांकनमा तपशिलको तालिकामा उल्लिखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्यांकन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको बिवरण | न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मु.अ.क.र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | PNP/BTD/NCB/Work/03/2082/083 | Construction & Upgrading of Reshi-Rujkot Talladehi sadak Purchaudi Municipality 8 & 9 Baitadi. | श्री ऊमा इन्फ्रा हब जिके जे. भी, एल.एन चौक धनगढी । | १,३४,२९,७७०।६३ |

प्रमुख प्रशासकीय अधिकृत

## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

### बोलपत्र तथा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/११/०१ गते

यस कार्यालयबाट क्रमश मिति २०८२/०९/२५ र २०८२/१०/१२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धमा पहिलो चरणको प्राविधिक मूल्यांकनमा सफल भई आर्थिक प्रस्तावमा तपसिल बमोजिमको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सात(७) दिने सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र. स. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने. रु.(VAT र PS सहित) |
|---|---|---|---|
| १ | URM/NCB/WORKS/05-2082/83, Construction of Tar Khola Jhulke Jaruwa Bazar Khanepani Aayojana Ward No.03 | Royal Shining Star Construction Pvt.Ltd., Udayapurgadhi-8, Udayapur | रु ४५८२६७५०३/- अक्षेरुपी पैतालिस लाख बयासी हजार छ सय पचहत्तर रुपैया र तिन पैसा मात्र) |
| २ | URM/SQ/Rebid/Works/03-2082/83, Swasthya chauki-ranatol-Gogane majhuwa-achhame pakha, tilkeni debithan-thakuri pakha and pade bhanjyang-chulidada hudai matepatha sadak nirman tatha staronnati at wada no.04 | Chamling Nirman Sewa, Udayapurgadhi-8, Udayapur | रु १३७४१०९७९/- अक्षेरुपी तेह लाख चौहत्तर हजार एक सय नौ रुपैया र उनासी पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत


## मलेसियामा रोजगार
कम्पनी : DV SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२९ | LT. No. 325546 | चलानी नं. ६०२३९४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 149 | 0 | 1700 | ६३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

## मलेसियामा रोजगार
कम्पनी : TIGER FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | LT. 338880 | चलानी नं. ६०२५२३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Uuard | 50 | 0 | 1700 | ६३,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.**
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772
श्रम ईजाजत नं. २८२/०५८/०५९

## साउदीमा रोजगार
कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338808 | चलानी नं. ६०२५२३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 30 | 0 | 1500 | ५८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## मलेसियामा रोजगार
कम्पनी : SATRIA PERKASA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२९ | LT. No. 332301 | चलानी नं. ६०२४५९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 44 | 0 | 1700 | ६३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ देखि ८ गते (13- 20th Feb. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## ओमनमा रोजगार
कम्पनी : ZANABIQ ALYAQOOT TRAD

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338819 | चलानी नं. ६०२५२३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steam Presser | 0 | 1 | 150 | ५६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OCTOPUS RECRUITMENT PVT.LTD**
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

## युएइमा रोजगार
कम्पनी : CARE PROFESSIONAL SERVICES

Pre Approval Date : 2026-02-12 (पूर्व स्वीकृति मिति : २०८२/१०/२९) | LT. No. 338859 | Invoice No. 60252349 (चलानी नं. ६०२५२३४९)

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | 1500 | ५९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 30 | 0 | 1000 | ३९,५७० | | | | | | | |
| 3. | Mason For Plaster ./ Block | 10 | 0 | 1500 | ५९,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Email : nileintl@wlink.com.np/
nileintl1@gmail.com/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

## मलेसियामा रोजगार
कम्पनी : NGO PLANTATION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338605 | चलानी नं. ६०२५२३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 6 | 0 | 1700 | ६३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २२ गते (6th Jan. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
**AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED**
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

## युएइमा रोजगार
कम्पनी : I R I I S ELECTROMECHANICAL CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति २०८२/०५/२७ | LT. No. 330909 | चलानी नं ६०२५२३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 1500 | ५९,३६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 9 | 0 | 1500 | ५९,३६० | | | | | | | |
| 3 | Electrician Assistant | 6 | 0 | 1200 | ४७,४८५ | | | | | | | |
| 4 | Telephone Operator | 0 | 4 | 1500 | ५९,३६० | | | | | | | |
| 5 | Plumber | 6 | 0 | 1500 | ५९,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ८ गते (20th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्योहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कल्याणकारी कोषसम्बन्धी व्यवस्था: | सेवा शुल्क | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.१५००/- कामदार आफैले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु.२१००/- कामदार आफैले | - |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GSO Govt. License 756/064/65
**GRAND SHIKHAR OVERSEAS PVT LTD**
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

## कुवेतमा रोजगार
कम्पनी: GULF COFFEE COMPANY FOR RESTAURANT MANAGEMENT | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ | चलानी नं.: ६०२४५३४५ | L.T. No.: 331619 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Team Members | 9 | 0 | स. काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: RAMR GROUP UNITED COMPANY FOR RESTAURANT MANAGEMENT L.L.C. | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/२५ | चलानी नं.: ६०२५०३८५ | L.T. No.: 336832 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier / Sales | 0 | 20 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commis Pastry | 16 | 0 | | 145 | ६८,६८५ | | | | | | | |
| 3. | Waiters/Waitresses | 15 | 19 | | 130 | ६१,५७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ र १० गते ( 21 & 22 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

[illegible]

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५
श्रम इजाजत पत्र नं.: ७१६/०५४/०५५

# प्रभाव दैनिक





## 'पारस'मा भित्रिइन् प्रियंका

फिल्म 'पारस'मा अभिनेत्री प्रियंका कार्की भित्रिएकी छन् । फिल्मको मुख्य भूमिकामा अभिनय रहने गरेर निर्माण युनिटले उनलाई फिल्ममा भित्र्याएको हो । फिल्म कृषा चौँलागाईंले निर्देशन गर्न लागेकी हुन् । फिल्मको कलाकारको रूपमा यसअघि निखिल उप्रेती, जसिता भित्रिएका थिए । फिल्ममा निखिलको जोडी जसिता कि प्रियंका ? भन्ने खुलाइएको छैन । जसिता फिल्ममा अनुबन्धित हुँदा अधिकांशले जसिताको अपोजिटमा निखिल उप्रेती हुने भनेर चर्चा गरेका थिए । तर अब प्रियंका कार्की पनि फिल्ममा जोडिएपछि को कसको जोडी हुन् भन्ने खुलाइएको छैन । एक्सन तथा सामाजिक कथामा फिल्म निर्माण हुने लागेको हो । फिल्मको विस्तृत जानकारी केही समयपछि दिइने बताइन्छ ।




शुक्रबार, ०१ फागुन २०८२ (Friday, 13 February 2026)




### टी-२० विश्वकप-२०२६

# नेपाल इटालीसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट २०२६ अन्तर्गत इटालीविरुद्धको खेलमा नेपाल पराजित भएको छ ।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा बिहीबार भएको खेलमा नेपाल इटलीसँग १० विकेटले पराजित भएको हो । नेपालले दिएको १२४ रनको लक्ष्य पछ्याएको इटाली १२.४ ओभरमा पूरा गर्‍यो । इटालीका लागि एन्थोनी मोस्का र जस्टिम मोस्काले शतकीय साझेदारी गरे । एन्थोनीले ६२ रन बनाउँदा जस्टिन मोस्काले ६० रन बनाए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १९.३ ओभरमा सबै विकेट गुमाएर १२३ रन बनाएको थियो । नेपालको लागि आरिफ शेखले सर्वाधिक २७ रन बनाए । रोहित पौडेलले २३ र आसिफ शेखले २० रन जोडे । दीपेन्द्र सिंह ऐरी १७ रनमा आउट भए भने करण केसी १८ रनमा अविजित रहे ।

इटालीका बलर क्रिशान कालुगामागेले ३ विकेट लिए भने बेन मानेन्टीले २ विकेट झारे । जसप्रित सिंह र जे जे स्मट्सले समान १-१ विकेट लिए ।

समूह 'सी' मा रहेको नेपालको यो लगातार दोस्रो हार हो । यसअघि पहिलो खेलमा नेपाल इग्ल्याण्डसङ ४ रनले पराजित भएको थियो । यस लगातार हारसँगै नेपालको सुपर एट मा पुग्ने सम्भावना कमजोर बनेको छ । यता इटालीको भने यो पहिलो जित हो । इटाली आफ्नो पहिलो खेलमा स्कटल्याण्डसँग पराजित भएको थियो ।

### सूर्य नेपाल काठमाडौं ओपन

# भुवन एक स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा

**काठमाडौं (प्रस)–** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको चौथो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपनको तेस्रो दिन भुवन नगरकोटी एक स्ट्रोकको अग्रता सहित शीर्षस्थानमा उक्लन सफल भएका छन् । ४-अन्डर ६४ सहित समग्रमा ६-अन्डर १ सय ९८ को स्कोरमा भुवन शीर्षस्थानमा उक्लिएका हुन् । उनले दिनेश प्रजापतिलाई एक स्ट्रोकले पछि पारे ।

दिनेशले ४-अन्डर ६४ खेल्दै समग्रमा ५-अन्डर १ सय ९९ सहित दोस्रो स्थानमा उक्लिए । रामे मगरले समग्रमा ४-अन्डर २ सय स्कोर बनाउने क्रममा १-अन्डर ६७ को स्कोर कार्ड बनाए । उनी एक स्थान तल झरे । समग्रमा ३-अन्डर २ सय १ सहित सञ्जय लामा र लगातार दुई दिनका लिडर रवि खड्काले चौथो स्थान बाँडे । सञ्जयले २-अन्डर ६६ स्कोर गरे । रविले २-ओभर ७० को प्रदर्शन गर्दा चौथो स्थानमा तल झरे ।

नेपाल नम्बर एक निरज तामाङले रोयल नेपाल गल्फ क्लबको कोर्स रेकर्ड बराबरी गरे । उनले ८-अन्डर ६० को सानदार प्रदर्शन गरे । इगलबाट दिनको सुरुवात गरेका उनले तेस्रो, चौथो, सातौं र आठौं होलमा बर्डी प्रहार गरे । उनले बोगीरहित ६-अन्डर २८ मा फ्रन्ट नाइन सकाए । ११ औं होलमा एक सट खेर फाले । १२ औं, १३ औं र १८ औं होलमा बर्डी प्रहार गरे । ब्याक नाइन २-अन्डर ३२ मा सकाए । यसअघि शिवराम श्रेष्ठ र निरजले यो कोर्समा ८-अन्डर खेलेका थिए ।

समग्रमा ३-ओभर २ सय ७ को स्कोरमा टंक बहादुर कार्की र जयराम श्रेष्ठले सातौं स्थान बाँडे । टंकले ६-अन्डर ६२ को उत्कृष्ट प्रदर्शन गर्दा जयरामले १-ओभर ६९ मा दिनको खेल सकाए । धन बहादुर थापा र तोरण विक्रम शाही समग्रमा ५-ओभर २ सय ९ सहित संयुक्तरूपमा नवौं स्थानमा रहे । धनले २-अन्डर ६६ र तोरणले १-ओभर ६९ को नतिजामा खेल सकाए ।

एमेच्योरतर्फ महेन्द्र फगामी र राष्ट्रिय टिमका सदस्य राहुल विश्वकर्मा समग्रमा ३-ओभर २ सय ७ सहित संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन् । महेन्द्रले इभन-पार ६८ र राहुलले लगातार तेस्रो दिन १-ओभर ६९ को प्रदर्शन गरे । उनीहरूले युवा गल्फर स्वप्निल भट्टराईललाई २ स्ट्रोकले पछि पारे । स्वप्निलले आज १-अन्डर ६७ खेल्दै समग्रमा ५-ओभर २ सय ९ सहित तेस्रो स्थानमा छन् ।

भुवनले बोगीरहित उत्कृष्ट प्रदर्शन गर्ने क्रममा पहिलो र सातौं होलमा एक-एक सट बचाए । यसपछि १० औं र १८ औं होलमा पनि बर्डी प्रहार गरे । उनले फ्रन्ट र ब्याक नाइन समान २-अन्डर ३२ खेले ।

दिनेशले फ्रन्ट नाइन ३-अन्डर ३१ मा सकाए । पहिलो, दोस्रो, चौथो, पाँचौं र आठौं होलमा बर्डीको सफलता प्राप्त गरे । छैटौं र नवौं होलमा एक-एक सट खेर फाले । यसपछि १०औं, ११औं र १३औं होलमा बर्डी प्रहार गरे भने १५औं र १६औं होलमा बोगी खेपे । ब्याक नाइन १-अन्डर ३३ मा सकाए ।

भेट्रान गल्फर रामेले ५औं होलमा बर्डी प्रहार गर्दा बाकी होलमा पार जोगाएसँगै फ्रन्ट नाइम १-अन्डर ३३ मा सकाए ।

# 'शिवांश : च्याप्टर १' अग्रिम बुकिङ खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'शिवांश : च्याप्टर १' आज (शुक्रबार)बाट प्रदर्शनमा आउँदैछ । धर्मको खोल ओडेर अपराध कर्ममा संलग्न हुनेको कथा यो चलचित्रमा समावेश छ । जटा भएको अघोरी चरित्रले कसरी भित्रभित्रै अपराध कर्म गर्छ भन्ने यो चलचित्रको कथा रहेको यसका कन्टेन्टले संकेत गरेका छन् ।




जटाधारी पात्र हुन्, प्रवीण खतिवडा । 'शिवांश'को कथा हिन्दु पौराणिक कथा र समुद्र मन्थनको प्रसंगमा आधारित छ । समुद्र मन्थनका क्रममा उछिट्टिएको एउटा शक्तिशाली 'शिला' (ढुङ्गा) को खोजीमा चलचित्रको कथा केन्द्रित छ ।

उक्त शिला खोज्ने क्रममा हुने घटनाको वरिपरि चलचित्रको कथा घुम्छ । आध्यात्मिक देखिने रहस्यमयी 'अघोरी' पात्रको जिन्दगीको उतारचढाव नै 'शिवांश'को मुख्य आकर्षण हो । कथावाचनमा प्रवीणलाई तेज गिरी, विमला लिम्बू र रुषा न्यौपानेको मुख्य भूमिका रहेको चलचित्रमा विकास जोशी, प्रदीपकुमार चौधरी, सबिर चुरौटे, उदय कुमार सुब्बा, टीका निरौलालगायत कलाकारले सहकार्य गरेका छन् ।

अञ्जन सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको यस चलचित्र आध्यात्मिक शक्ति प्राप्त गर्ने होडबाजी र त्यसले उत्पन्न गर्ने द्वन्द्व नै चलचित्रको मुख्य आकर्षण रहेको देखिन्छ ।

'शिवांश'लाई सन्तोष कुमार आत्रेयले निर्देशन गरेका छन् । चलचित्रको कथा अञ्जान केसीले लेखेका छन् । स्क्रिनप्ले बारत लिम्बूको छ । अञ्जान केसी निर्माता चलचित्रको सह-निर्मातामा शोभा भण्डारी र अनिस केसी बोगटी रहेका छन् । चलचित्रका कार्यकारी निर्माता सम्भू थापा हुन् ।

चलचित्रमा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीतरचना रहेको छ । न्ह्यू बज्राचार्य र राजनराज शिवाकोटीको संगीत रहेको यस सिनेमाका गीतमा राजनराज शिवाकोटी, मिलन नेवार र समीक्षा अधिकारीको स्वर छ । सरद महतोको डीओपी रहेको चलचित्रमा बनिश शाहको सम्पादन, मिलन श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ भने विक्रम चोहानको कोरियोग्राफी छ । मिलन मानन्धर प्रोडक्सन म्यानेजरका रूपमा रहेको चलचित्रमा आर्ट डिरेक्टर र प्रोडक्सन डिजाइनरमा प्रतीक चौधरी छन् । बारत लिम्बू मुख्य सहायक निर्देशक रहेको सिनेमामा स्क्रिप्ट डक्टरको काम सुलक्षण भारतीले गरेका छन् । 'स्पिरिचुअल एक्सन ड्रामा' 'शिवांश'ले दर्शकलाई नयाँपन दिने निर्माणपक्षको विश्वास छ ।

महाशिवरात्रिको अवसर पारेर भोलिबाट प्रदर्शनमा आउने यो चलचिको देशभरका प्रमुख मल्टीप्लेक्सहरू क्यूएफएक्स, आईएनआई, वान सिनेमाज, बिग मुभिज, एफक्यूब लगायतले यी दुवै चलचित्रको शो तालिका सार्वजनिक गर्दै अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन् ।

देशभरका प्रमुख मल्टिप्लेक्सहरूमा एडभान्स् बुकिङ खुल्ला र शो बाँडफाँडको प्रारम्भिक तथ्याङ्क हेर्दा चलचित्र 'शिवांश' ले प्रदर्शकहरूको न्यून साथ पाएको देखिन्छ । देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले आफ्नो आउटलेटमा चलचित्र 'शिवांश'लाई १३ शोज उपल्ब्ध गराएको छ । यसले काठमाडौं उपत्यकाका हलमा ५ शो पाएको छ भने मोफसलमा ७ शो पाएको छ ।


**मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड**

**अनामनगर-२९, काठमाण्डौ । फोन नं: ०१-४१०२६०६**

Email: hydromanakamana@gmail.com, Web:www.hydromanakamana.com.np

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/०१**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८२/१०/२९ गते दिउसो ३:३० बजे बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार कम्पनीको विशेष साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान:**

मिति : २०८२ फाल्गुन १७ गते आइतबार
समय : विहान ११ बजे
स्थान : क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ

**छलफलका विषयहरु:**

**विशेष प्रस्तावहरु:**

१. कम्पनीको हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृतीको अनुमोदन सम्बन्धमा ।
२. नियमावालीको नियम २७ को २ मा भएको व्यवस्थालाई संशोधन गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिलाई अनुमोदन गर्ने सम्बन्धमा ।
४. यस कम्पनीको हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न साथै प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/थपघट/फेरबदल/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि सम्बन्धी कार्य गर्नका लागि कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
५. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारीहरु:**

१. विशेष साधारणसभा प्रयोजनको लागि २०८२ फाल्गुन ८ गते एक दिनको लागि शेयरधनी दर्ता किताब बन्द रहनेछ र सो भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोवल आई. एम. ई. क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगाबै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका बिहानको १०:०० बजेदेखि दिनको ११:१५ बजे सम्म खुल्ला रहनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभाकक्ष भित्र प्रवेश गर्नका लागि आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
